चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**अनुसूची २**

**चुलाचुली गाउँपालिकाको**

# राजपत्र

| |
|---|
| खण्ड- ऐन संख्या,१० **प्रमाणिकरण मिति** २०७६/१०/१९ |

**भाग-१**

**चुलाचुली गाउँपालिकाद्वारा जारी**

# चुलाचुली गाउँपालिकाको शिक्षा ऐन, २०७६

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

# चुलाचुली गाउँपालिकाको
# शिक्षा ऐन, २०७६

**पहिलो संशोधन**
**मिति: २०७७/०३/१४**

**दोस्रो संशोधन**
**मिति: २०७८/०३/१८**

**प्रस्तावना :**
प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्ने, नेपालको संविधानको अनुसूची -८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ज) मा रहेको शिक्षा क्षेत्रको सञ्चालन, व्यवस्थापन, नियमन तथा कार्यन्वयन गर्ने, स्थानीय तहमा आधारभूत र माध्यमिक तहसम्मको शिक्षालाई प्रभावकारी ढङ्गले सञ्चालन एवं व्यवस्थापन गरी शिक्षाको गुणस्तर बृद्धि गर्ने अभिप्रायका लागि र शिक्षा सम्बन्धि प्राप्त जिम्मेवारी पूरा गर्न समेत वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ को उपधारा (१) र धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी संघीय शिक्षा सम्बन्धि कानून समेतको अधीनमा रही चुलाचुली गाउँपालिकाको गाउँसभाले, यो **"चुलाचुली गाउँपालिकाको शिक्षा ऐन, २०७६"** बनाएको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"चुलाचुली गाउँपालिकाको शिक्षा ऐन, २०७६"** रहेको छ

(२) यो ऐन चुलाचुली गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

(३) यो ऐन गाउँ सभाबाट स्वीकृत तथा प्रमाणीकरण भई गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(१) "संघीय ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(२) "संघीय शिक्षा सम्बन्धी कानुन" भन्नाले प्रचलित शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(३) "प्रदेश शिक्षा सम्बन्धी कानुन" भन्नाले १ नं. प्रदेशले बनाउने शिक्षा ऐन तथा कानुनलाई सम्झनु पर्छ ।

(४) "ऐन" भन्नाले चुलाचुली गाउँपालिकाको शिक्षा ऐन, २०७६ सम्झनु पर्छ ।

(५) "गाउँपालिका" भन्नाले चुलाचुली गाउँपालिकालाई सम्झनु पर्छ ।

(६) "गाउँसभा" भन्नाले चुलाचुली गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(७) "कार्यपालिका"भन्नाले चुलाचुली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(८) "गाउँपालिकाको अध्यक्ष" भन्नाले चुलाचुली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(९) "गाउँपालिकाको उपाध्यक्ष" भन्नाले चुलाचुली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चुलाचुली गाउँपालिकाको प्रमुख प्रशासकीय अकिृतलाई सम्झनु पर्छ ।

(११) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमितरुपमा अनुदान नपाउने गरी निजी लगानीमा सञ्चालन गर्ने गरी कानून बमोजिम अनुमति प्राप्त गरी स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(१२) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने निरन्तर सिकाइ, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(१३) "शिक्षासमिति"भन्नाले गाउँ कार्यपालिकाले गठन गरेको शिक्षासमितिलाई सम्झनु पर्छ ।

(१४) "शिक्षा शाखा"भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा एकाईलाई सम्झनु पर्छ ।

(१५) "शिक्षा अधिकृत"भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा निजले सम्पादन गर्ने कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(१६) "प्रधानाध्यापक"भन्नाले सामुदायिक विद्यालयमा नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ । र सो शब्दले संस्थागत विद्यालयको प्रिन्सीपललाई समेत जनाउछ ।

(१७) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक वा प्रिन्सिपल समेतलाई जनाउँछ ।

(१८) “प्रारम्भिक बाल शिक्षा केन्द्र” भन्नाले तिन वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि कानून बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा तह (नर्सरी, एल.केजी. र यु.केजी. कक्षा तथा मन्टेसरी) आदि सम्झनु पर्छ ।

(१९) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल कक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(२०) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौं देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(२१) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान,सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(२२) “विशेष शिक्षा” भन्नाले दृष्टि विहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अत्ति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(२३) “माध्यमिक विद्यालय” भन्नाले कक्षा नौ-देखि कक्षा बाह्रसम्म पठनपाठन गर्ने विद्यालयलाई सम्झनु पर्छ ।

(२४) “आधारभूत विद्यालय” भन्नाले एक कक्षादेखि ८ कक्षासम्म पठनपाठन गर्ने विद्यालयलाई सम्झनु पर्छ ।

(२५) “कोष”भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ ।

(२६) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(२७) “निजी विद्यालय शिक्षक” भन्नाले चुलाचुली गाउँपालिका भित्र प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालित निजी विद्यालयको शिक्षक तथा सो शब्दले प्रिन्सीपल समेतलाई सम्झनु पर्छ ।

(२८) “व्यवस्थापन समिति” भन्नाले दफा २० र दफा २४ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(२९) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएमा विद्यार्थीको हकमा त्यस्ता विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(३०) “शुल्क”भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(३१) “शैक्षिक सत्र”भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ । यस सन्दर्भमा बैशाख १ गतेदेखि चैत्र मसान्तसम्मको समयलाई जनाउँदछ ।

(३२) “परीक्षा समिति”भन्नाले आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(३३) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तरर्गत बन्ने नियममा तोकिएको वा लेखिएको व्यवस्था सम्झनु पर्छ ।

(३४) “अनुमति”भन्नाले नेपाल सरकारले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(३५) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई दिने स्थायी स्वीकृतिलाई जनाउँछ ।

(३६) “दरबन्दी मिलान” भन्नाले गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा शिक्षक, कर्मचारीलाई समान पदमा सरुवा गर्ने, काजमा काम लागाउने, दरबन्दी पुनर्वितरण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(३७) “वडा अध्यक्ष”भन्नाले चुलाचुली गाउँपालिकाको प्रत्येक वडाको निर्वाचित वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(३८) “वडा सदस्य”भन्नाले चुलाचुली गाउँपालिकाको प्रत्येक वडाका निर्वाचित अन्य वडा सदस्यलाई सम्झनु पर्छ ।

(३९) “वडा शिक्षा समिति”भन्नाले चुलाचुली गाउँपालिकाको वडा कार्यालय अन्तर्गत गठन हुने शिक्षा समितिलाई सम्झनु पर्छ ।

(४०) “पाठ्यक्रम विकास केन्द्र”भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(४१) “मन्त्रालय”भन्नाले संघीय तथा प्रादेशिक शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(४२) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

## परिच्छेद- २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३. विद्यालयको तह :** (१) विद्यालयको तह २ प्रकारका हुनेछन्

(क) आधारभूत तह

(ख) माध्यमिक तह

**४. माध्यमिक शिक्षाको प्रकार:** (१) माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा

(ख) भाषागत शिक्षा

(ग) प्राविधिकतथा व्यावसायिक माध्यमिक शिक्षा ।

**५. शिक्षाको माध्यम:** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) जातीय वाहुल्यताका आधारमा आधारभूत तह सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछन् ।

(ग) भाषा विषयमा अध्ययन अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषाहुने।

**६. विद्यालयको वर्गीकरण:** विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

## परिच्छेद - ३
## विद्यालय खोल्ने अनुमति वा स्वीकृति र विद्यालय गाभ्ने सम्बन्धी व्यवस्थाः

**७. विद्यालय खोल्ने अनुमति वा स्वीकृति :** (१) चुलाचुली गाउँपालिका क्षेत्रभित्र सबै प्रकार र तहका विद्यालय खोल्न, सञ्चालन गर्न, कक्षा थप गर्न अनुमति, स्वीकृति दिन सम्बन्धित वडा कार्यालयको सिफारिस र चुलाचुली गाउँ शिक्षा समितिको सिफारिस सहित गाउँपालिकामा निवेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँ कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

(३) गाउँ कार्यपालिकाले दफा ७ (१) बमोजिम अनुमति तथा स्वीकृति दिँदा विद्यालय खोल्ने प्रक्रिया, विद्यालयले पालना गर्नुपर्ने शर्त तथा बन्देज राख्नु धरौटी लगायतको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) यो ऐन प्रारम्भ हुनु पूर्व कम्पनीको रुपमा सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेमा वडा कार्यलय तथा शिक्षा समितिको सिफारिस सहित गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा सम्बन्धित शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिको राय सिफारिस समेत माग गरी कार्यपालिका समक्ष पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ कार्यपालिकाले पुनः अनुमति दिनेछ ।

(६) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (T.S.E.E.) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषद्द्वारा तोकिएको मापदण्ड अनुसार जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले नै गर्नुपर्ने छ ।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्ट) सङ्गठित संस्थाको रूपमा हुनुपर्नेछ ।

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्नेछ ।

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्नेछ ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका अध्यक्ष समक्ष आवेदन दिनु पर्नेछ । गाउँ कार्यपालिकाबाट सो को स्वीकृति लिई नियमअनुसार शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(११) दफा ७ को उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(१२) यस अघि दर्ता भएका विद्यालय सम्वन्धी व्यवस्था : (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम सञ्चालन भएको मानिनेछ । तर यस अघि सञ्चालनमा भएका विद्यालयहरुले गाउँपालिकाको शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

८. **धरौटी राख्नु पर्नेः** (१) सामुदायिक विद्यालय तथा संस्थागत विद्यालय खोली सञ्चालन गर्न र कक्षा तह थप गर्न सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि सामुदायिक भए एक लाख रुपैंया र संस्थागत भए पाँच लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयअन्तर्गत

१. कक्षा ८ सम्मको लागि तिन लाख रूपैयाँ,

२. कक्षा ५ सम्मको लागि दुई लाख रूपैयाँ

३. कक्षा ३ सम्मको लागि एक लाख रुपैयाँ

४. आधारभूत विद्यालय अन्तर्गत सामुदायिक विद्यालयलाई धरौटी राख्नु पर्ने छैन ।

९. धरौटी रकम मुद्धती खातामा जम्मा गरिनेः (१) दफा ८ बमोजिम राखिने धरौटी वापतको रकम गाउँपालिकाले तोकेको बैंकमा सम्बन्धित विधलयको नाममा मुद्धती खाता खोली जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बैंकमा जम्मा गरिएको रकमबाट प्राप्त भएको व्याजको रकम सो विद्यालयको काममा खर्च गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको बैंक खाता सञ्चालनका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले निर्णय गरी तोकेको व्यक्ति र गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

१०. **विद्यालय गाभ्ने, ठाउँसारी गर्ने र नाम परिवर्तन गर्ने :** तोकिएको विद्यालय सञ्चालनको मापदण्ड बमोजिम दुई वा दुई भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी विद्यालय सञ्चालन गर्न, विद्यालयको ठाउँसारी गर्न र विद्यालयको नाम परिवर्तन गरी नयाँ नाम राख्न तोकिए बमोजिम हुनेछ ।

११. **बाल शिक्षा सञ्चालनः** गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

१२. **बालगृहको सञ्चालनः** गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह सञ्चालन गर्न पाउनेछ । वाल गृह सञ्चालनको लागि आवश्यक प्रक्रिया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

१३. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिका केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

## परिच्छेद -४

## गाउँपालिकाको शिक्षा शाखा प्रमुख (अधिकृत) सम्बन्धी व्यवस्था र शिक्षा शाखा प्रमुख (अधिकृत) को काम, कर्तव्य र अधिकारः

१४. **शिक्षा शाखा प्रमुख (अधिकृत) सम्बन्धी व्यवस्थाः** गाउँपालिका अन्तर्गत शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्नको लागि एक शिक्षा शाखा रहने छ जसमा सम्बन्धित निकायबाट तोकी पठाएको शिक्षा अधिकृत वा सो नभए सो शाखा हेर्न तोकिएको एकजना सम्बन्धित कर्मचारी रहने छन् ।

१५. **शिक्षा शाखा प्रमुख (अधिकृत)को काम, कर्तव्य र अधिकारः**

शिक्षा अधिकृतको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँस्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाटशिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने।

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने

(घ) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

(च) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने

(छ) शिक्षा शाखा प्रमुख (अधिकृत)को अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) चुलाचुली गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक क्षेत्रहरुको रेखदेख, समन्वय, नियमन, अनुगमन र व्यवस्थापन गर्ने कामको लागि गाउँपालिकामा देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष वा निजले सो काम गर्न तोकेको व्यक्ति –अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको गाउँपालिका सदस्यहरु मध्ये कम्तीमा एक जना महिला सहित दुई जना – सदस्य

(ग) गाउँपालिका भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना –सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना दलित र दुईजना महिला सहित तीनजना –सदस्य

(ङ) सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको कम्तीमा एक जना महिला सहित दुई जना – सदस्य

(च) गाउँपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा श्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एक जना – सदस्य

(छ) गाउँपालिकाको शिक्षा शाखाको प्रमुख –सदस्य सचिव

(२) सामाजिक विकास समितिको संयोजक, क्षमता किास समितिको संयोजक, गाउँपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापकहरु, विषयगत शिक्षकहरु र चुलाचुली गाउँपालिका शिक्षक महासंघको प्रतिनिधिलाई उपदफा १ बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा १ बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउँन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) कुनै कारणले समिति गठन हुन नसकेमा अर्को समिति गठन नहुन्जेल सम्म गाउँपालिकाको शिक्षा शाखाले समितिको काम कर्तव्य अधिकार प्रयोग गर्नछ।

**१७. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार :**गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्नेसम्बन्धी गाउँ कार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने।

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुका शिक्षकको सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने,जागरुक र सजग बनाउने ।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने।

(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

(ञ) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन सहित पुरस्कार, नसिहत, दण्ड, कारवाही गर्ने गराउने ।

(ट) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(ठ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, सञ्चालनको अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(ड) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँ पालिकामा पेस गर्ने ।

(ढ) सामुदायिक सिकाइकेन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने।

(ण) सङ्घीय सरकारको कार्यक्रमअनुरुप दिवा खाजा व्यवस्थापन गर्ने ।

(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी "सबैका लागि शिक्षा" सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागू गर्ने, गराउने ।

(द) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(ध) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(प) शिक्षामा सवै वालवालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेन्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।

(फ) समितिले गरेका काम कार्वाहीका सम्बन्धमा प्रत्येक चौमासिकको अन्यमा प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष पेश गर्ने ।

(ब) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक निर्देशन दिने र कार्वाहि गर्ने, गराउने ।

(भ) विद्यालय बन्द गर्न सिफारिस गर्ने ।

(म) शिक्षा समितिको बैठक तथा सञ्चालन कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(य) शिक्षा क्षेत्रसंग सम्बन्धित सम्पूर्ण गतिविधिहरुको नियमन एवं अनुगमन गर्ने ।

(र) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

**१८. वडा शिक्षा समितिको गठन :** (१) गाउँ शिक्षा समितिले वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा समितिको दलित महिला सदस्य – सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले मनोनित गरेको एक जना –सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा समितिले मनोनित गरेको एकजना र गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना समेत गरी दुई जना –सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले मनोनित गरेकोएक जना महिला –सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव –सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँशिक्षा समितिमा सिफारिस गर्ने ।

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्ने ।

(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न सिफारिस गर्ने ।

(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

(३) उपदफा १ बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउँन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) कुनै कारणले समिति गठन हुन नसकेमा अर्को वडा समिति गठन नहुन्जेलसम्म गाउँपालिकाको शिक्षा शाखाले समितिको काम कर्तव्य अधिकार प्रयोग गर्नेछ ।

## परिच्छेद- ६
## विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था

**१९. विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) समितिका सदस्यहरूले (ख) (ग) र (घ) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडासमितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, दश लाख भन्दा माथि सहयोग पुऱ्याउने चन्दादाताहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) विद्यालयका शिक्षकहरुले आफूमध्येबाट छानि पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

**(पुनश्चः वालक्लवहरुको तर्फबाट १ जना वालक वा वालिकालाई आमन्त्रित सदस्यको रुपमा सहभागिता गराउन सक्नेछ ।**

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) विद्यालयलाई शान्तिक्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएका सूचकहरु पूरा गर्न र आवश्यक कार्य गर्न व्यवस्थापन समितिको दायित्व हुनुपर्नेछ ।

**२०. सामुदायिक विद्यालयको व्यवस्थापन समितिकोकाम, कर्तव्य र अधिकार** :

(१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने।

(च) गाउँपालिकाबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने ।

(छ) गाउँ शिक्षा समितिबाट तोकिएको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने

(झ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने ।

(ञ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने;

(ट) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

(ठ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) विद्यालय व्यवस्थापन समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफैँ बनाउन सक्नेछ ।

**२१. शिक्षक अविभावक संघ :** चुलाचुली गाउँपालिका क्षेत्रका प्रत्येक विद्यालयमा शिक्षक र अविभावकहरु रहेको तोकिए बमोजिमको एक शिक्षक अविभावक संघ रहनेछ ।

## परिच्छेदः ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

**२२. अनुमति लिनु पर्नेः** संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

**२३. संस्थागत विद्यालयको व्यवस्थापन समितिः** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| (क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरू मध्येबाट संस्थागत विद्यालयको सिफारिसमा शिक्षा शाखा प्रमुखबाट मनोनित | -अध्यक्ष |
| (ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला सहित छनौट भई आएका दुई जना | -सदस्य |
| (ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरी पठाएको एकजना | -सदस्य |
| (घ) शिक्षा शाखा प्रमुख वा निजले तोकी पठाएको कर्मचारी | -सदस्य |
| (ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना | -सदस्य |
| (च) विद्यालयको प्रधानाध्यापक/प्रिन्सिपल | -सदस्य सचिव |

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**२४. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने गराउने

(ङ) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(च) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,,
(छ) अनुशासनहीन शिक्षक उपर कार्वाही गर्ने,
(ज) कानुनी व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२५. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्ने छ ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**२६. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः** गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

**२७. अनुगमन तथा मूल्याङ्कनः** (१) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**२८. अनुमति रद्द गर्ने :** (१) कुनै संस्थागत विद्यालयले कानुन विपरीत कार्य गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ ।

(२) अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद -८
## पाठ्यक्रम, परीक्षा सञ्चालन र समन्वय तथा प्रारम्भिक बाल शिक्षा केन्द्र

**२९. पाठ्यक्रमः** (१) चुलाचुली गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै तह र प्रकारका विद्यालयमा संघीय तथा प्रदेश सरकारद्वारा स्वीकृत पाठ्यक्र बमोजिम मात्र पठनपाठन गर्नु पर्नेछ ।

(२) संघीय तथा प्रदेश सरकारले स्वीकृत गरेका पाठ्यक्रम बाहेक गाउँपालिकाले स्थानीय आवश्यक्ताका आधारमा तय गरेका र गाउँपालिकाद्वारा स्वीकृत अतिरिक्त पाठ्यक्रम पनि पठनपाठन गर्नु पर्नेछ ।

(३) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र गाउँ शिक्षा समितिमा माग गर्नु पर्नेछ ।

(४) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित विद्यालयहरुलाई पाठ्यपुस्तकको प्रबन्ध गर्न रकम उपलब्ध गराउनु पर्नेछ ।

(५) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित १०० पूर्णाङ्क बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्यक्रम वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिकाको स्वीकृति प्राप्त गरे पश्चात गाउँ शिक्षा समितिले निर्णय गरी लागु गर्न सक्नेछ ।

(६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी अविभावकको सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

## परिच्छेद- ९
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**३०. परीक्षा सञ्चालन तथा समन्वय समितिः** (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि देहाय बमोजिमको परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(क) शिक्षा शाखा प्रमुख - अध्यक्ष
(ख) आधारभूत तह (कक्षा १-५) संचालित विद्यालयका प्रधानाध्यापकहरूले आफु मध्येबाट छनौट गरी पठाएका कम्तीमा एक महिला सहित दुई जना - सदस्य
(ग) आधारभूत तह (कक्षा १-८) सञ्चालित विद्यालयका प्रधानाध्यापकहरूले आफू मध्येबाट छनौट गरी पठाएको एक जना - सदस्य
(घ) माध्यमिक तह (कक्षा ९-१२) संचालित विद्यालयका प्रधानाध्यापकहरूले आफू मध्येबाट छनौट गरी पठाएका एक महिला सहित दुई जना - सदस्य

(च) गाउँपालिकाको शिक्षा शाखाको परीक्षा फाँट हेर्ने कर्मचारी वा शिक्षा प्रमुखले तोकेको व्यक्ति - सदस्य-सचिव

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि आधारभूत तह (कक्षा ८) को उतीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति गठन देहाय बमोजिम हुनेछ ।

(क) शिक्षा शाखा प्रमुख -अध्यक्ष

(ख) कक्षा ८ सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयको प्रतिनिधित्व हुने गरी समितिको अध्यक्षले मनोनित गरेका दुई जना शिक्षक -सदस्य

(ग) गाउँ शिक्षा समितिले आफू मध्येबाट छनौट गरी पठाएको एक महिला सदस्य -सदस्य

(घ) शिक्षा शाखाको परीक्षा फाँट हेर्ने कर्मचारी -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक, काम, कर्तव्य अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

(४) माध्यमिक तह उतीर्ण परीक्षा (एस.ई.ई.) तथा कक्षा ११ र १२ को परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(५) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन मापदण्ड शिक्षा समितिले तयार गरी कार्यपालिकाबाट स्वीकृत भए वमोजिम हुनेछ ।

३१. **प्रारम्भिक बाल शिक्षा केन्द्र :** (१) चुलाचुली गाउँपालिका क्षेत्रमा आवश्यक्ता र औचित्यका आधारमा प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्ने प्रक्रिया, आवश्यक पूर्वाधार समेत तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भई सञ्चालित प्रारम्भिक बाल शिक्षा केन्द्रले स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

(३) प्रत्येक सामुदायिक विद्यालयमा प्रारम्भिक बालशिक्षा केन्द्र स्थापना र सञ्चालनको अवधारणा बमोजिम प्रारम्भिक बाल विकास केन्द्र स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद-१०

## विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था, विद्यार्थी भर्ना गराउने समय, शैक्षिक सत्र र विद्यालय विदाः

३२. **विद्यार्थी संख्या** : (१) प्रत्येक विद्यालको प्रत्येक कक्षा तह तथामा विद्यार्थी संख्या प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

(२) शिक्षक अनुपात बारे संघीय तथा प्रादेशिक कानुनले निर्धारण गरेको मापदण्ड नै अन्तिम हुनेछ ।

३३. **विद्यार्थी भर्ना गराउने समय** : (१) चुलाचुली गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा विद्यार्थी भर्ना सम्बन्धी व्यवस्था, विद्यालय भर्ना नभई अध्ययन गर्ने व्यक्तिको परीक्षा स्थानान्तरण प्रमाणपत्र, स्तरवृद्धिको लागि भर्ना हुन चाहाने विद्यार्थी, वार्षिक परीक्षा नदिई विद्यार्थी कक्षा चढाउने, तथा कक्षा चढाउने सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

(२) विद्यालयमा भर्ना गर्ने समय र काम गर्ने दिन समय तोके बमोजिम हुनेछ

३४. **शैक्षिक सत्र** : (१) विद्यालयको शैक्षिक सत्र प्रत्येक वर्षको बैशाख १ गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा उल्लेख भएपनि कक्षा ११ र १२ को हकमा शैक्षिक सत्र अर्को व्यवस्था नभएसम्म हरेक सालको साउन महिनाबाट सुरु हुनेछ ।

३५. **विद्यालय विदा** : (१) कुनै पनि विद्यालयले तोकेको बिदा बाहेक विद्यालय बन्द गर्न हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था उल्लघन गर्ने विद्यालयका प्रधानाध्यापक तथा शिक्षकलाई गयल गरी अनुशासनको कारबाही गर्न सकिनेछ ।

(३) विद्यालयमा दिइने हिउँदे, वर्षे र अन्य विदा तोके बमोजिम हुनेछ ।

## परिच्छेद -११

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

३६. **गाउँपालिकाको शिक्षा समितिले शिक्षकको दरवन्दी निर्धारण गर्ने:** (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी र योग्यता सम्बन्धि काम गाउँपालिकासँग समन्वय गरी गाउँ शिक्षा समितिले निर्धारण गर्न सक्नेछ ।

(२) गाउँपालिकाको शिक्षा समितिले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाको शिक्षा समितिले राख्नु पर्नेछ ।

३७. **शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता:** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता सम्बन्धी व्यवस्था संघीय तथा प्रादेशिक मापदण्डको आधारमा तोकिए बमोजिम हुनेछ ।

**३८. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:** (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कार्वाहिको लागि गाउँपालिकाको शिक्षा समितिमा सिफारिस गर्न सक्नेछ ।

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ख) मादक पदार्थ सेवन गरी विद्यालय आएको कुरा प्रमाणित भएमा

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(च) निजले अध्यापन गरेको विषयमा तीन बर्षको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा

(२) उपदफा (१) वमोजिम सिफरिस भई आएमा वा अन्य माध्यमले कुनै स्थायी शिक्षक वा कर्मचारीलाई कार्वाहि गर्नु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा शिक्षा समितिले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(३) तर गाउँपालिका वा विद्यालयको आफ्नै श्रोतमा नियुक्त भएका शिक्षक तथा कर्मचारीको हकमा त्यस्तो शिक्षकलाई उपदफा १ को खण्ड (क) देखी खण्ड (छ) सम्मको व्यवस्था उलङ्घन गरेमा गाउँपालिकाको शिक्षा समितिले पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफीकको स्पष्टीकरणको मौका भने प्रदान गर्नेछ ।

## परिच्छेद- १२
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**३९. शिक्षकको नियुक्ति:** (१) विद्यालयले आफ्नो श्रोतबाट नियुक्त गर्ने शिक्षक तथा कर्मचारी बाहेक अन्य रिक्त राहत, करार र अनुदान कोटाको दरवन्दीमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

(ख) शिक्षा शाखाको प्रमुख वा निजले तोकेको कर्मचारी – सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(घ) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको तीन सदस्यीय समितिले छनौट गरेको दुई जना विषय विज्ञ – सदस्य

(२) समितिको आफ्नो कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४०. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:** (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति र काम कर्तव्य सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ :

**४१. सहायक प्रधानाध्यापक नियुक्ति** : (१) माध्यमिक तहको विद्यालयमा प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन सोही विद्यालयका शिक्षकहरु मध्येबाट एक जनालाई सो पदमा विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सहायक प्रधानाध्यापकको पदावधि, सुविधा, काम, कर्तव्य र अधिकार व्यवस्थापन समितिले तोके अनुसार हुनेछ ।

**४२. कर्मचारी र विद्यालय सहयोगी नियुक्ति** : विद्यालयलाई आवश्यक पर्ने कर्मचारी र विद्यालय सहयोगी तोकिए बमोजिमको प्रक्रिया पूरा गरी कर्मचारी र सहयोगी नियुक्त गर्न सकिनेछ । तर नियमावली जारी नभएसम्म त्यस्तो कर्मचारी र विद्यालय सहयोगी नियुक्ती सम्बन्धमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**४३. शिक्षकको सरुवा:** (१) स्थायी शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा अधिकतम ५ वर्ष सेवा गरेपश्चात गाउँ शिक्षा समितिको सिफारिसमा कार्यापालिकाले अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(२) एक वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन्।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका आधारमा गाउं शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका रिक्त दरवन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले माग गरे बमोजिम सो विद्यालयमा सरुवाका लागि कार्यपालिका समक्ष पेश गरेमा कार्यपालिकाले सोको निर्णय गर्न सक्नेछ ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

(५) उपदफा १, २, ३, ४ बाहेकको शिक्षकको हकमा सरुवा सम्बन्धी व्यवस्था तोके बमोजिम हुनेछ ।

**स्पष्टीकरण:** विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नीसगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

**४४. दरवन्दी मिलान:** (१) शिक्षा समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ज) बमोजिम विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापनका लागि कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ । सो सम्बन्धमा कार्यपालिकाले आवश्यक निर्णय गरी कार्यन्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा शिक्षक संख्या कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएको र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरवन्दी मिलान गर्दा उक्त दरवन्दीमा कार्यरत शिक्षक समेत दरवन्दी मिलान भएको विद्यालयमा सरुवा भई जानु पर्नेछ ।

४५. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** (१) हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ तर स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षककहरुको बढुवा हुनेछैन् ।

४६. **शिक्षक कर्मचारीको विदा :** (१) शिक्षक कर्मचारीले पाउने विदा अधिकार नभई सहुलियत मात्र हुनेछ ।

(२) शिक्षक कर्मचारीले पाउने सबै प्रकारको विदा नेपाल सरकार र प्रचलित कानूनका साथै तोकिए बमोजिम मात्र हुनेछ ।

(३) शिक्षक कर्मचारीले पाउने विदाको विवरण, सेवाभित्र पाउने विदा, सञ्चित हुने, नहुने विदा, विदा स्वीकृत गर्नुपर्ने व्यवस्था प्रचलित कानुनका साथै तोकिए बमोजिम हुनेछ ।

४७. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

४८. **विद्यालय कार्यसम्पादन मूल्याङकन सूचाङक निर्धारण गर्न सकिनेः** (१) चुलाचुली गाउँपालिका क्षेत्रभित्रको शिक्षाक्षेत्रलाई प्रभावकारी र गुणस्तर बृद्धि गर्न गाउँपालिकाको शिक्षा समितिले विद्यालय कार्य सम्पादन मूल्याङकन सूचाङक तथा शिक्षक तथा कर्मचारी मूल्याङकन सूचाङक तोकिए बमोजिम तयार गरी लागू गर्नेछ ।

४९. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः** (१) विद्यालय, शिक्षक तथा कर्मचारीहरुलाई कार्य सम्पादन मूल्याङकन तथा सूचाङकका आधारमा गाउँ शिक्षा समितिले राम्रो नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा कर्मचारीहरुलाई पुरस्कृत गर्न र कमजोर नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा कर्मचारीलाई दण्डित गर्न सक्नेछ ।

(२) कार्यसम्पादन सूचाङकहरु तयार गर्दा सिर्जनशीलता, परिवर्तनशीलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

(३) कार्यसम्पादनको मूल्याङ्कन, पुरस्कार र सजाय नियमावली नबने सम्म गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद- १३
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

५०. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबारा, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

५१. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।

(२) यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच-बिखन गरी प्राप्त हुने रकम गाउँपालिकाको शिक्षा कोषमा जम्मा गर्न सक्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ ।

(४) कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(५) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

५२. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ ।

(२) विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

(३) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(४) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ ।

५३. **अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा प्रतिभाशाली क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद- १४

**विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन,**

**५४. विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

**५५. अनुदानको व्यवस्था :** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकम कटौती नहुनेगरि तोकिएको सूत्रको आधारमा गाउँपालिकाले आवश्यकता र औचित्यताका आधारमा सामुदायिक विद्यालयलाई अनुदान दिनेछ ।

(२) कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(३) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(४) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**५६. बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्षको आषाढ मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

**५७. लेखा व्यवस्थापनः** (१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**५८. सामुदायिक विद्यालयको खाता संचालनः** (१) विद्यालयले आर्थिक कारोबार गर्दा गाउँपालिका क्षेत्र भित्रको बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा सो नभएमा सो विद्यालयको वरिष्ठ शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

**५९. लेखा परीक्षण तथा सामाजिक परीक्षण :** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण भाद्र मसान्तभित्र सम्पन्न गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

## परिच्छेद-१५

## छात्रवृत्ति, निःशुल्क शिक्षा र अनिवार्य रुपमा बालबालिकालाई विद्यालय पठाउनु पर्ने सम्बन्धी व्यवस्था :

**६०. छात्रवृत्ति र निःशुल्क शिक्षा :** (१) संस्थागत विद्यालयहरुले आफ्नो विद्यालयमा पढ्ने र पढ्न चाहने वालवालिकाहरुलाई नेपाल सरकार र चुलाचुली गाउँ कार्यपालिकाले तोकेको मापदण्ड र प्रक्रियाका आधारमा अनिवार्य रुपमा छात्रवृत्ति तथा निःशुल्क पढ्ने सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृति तथा निःशुल्क शिक्षा उपलब्ध नगराउने संस्थागत विद्यालयलाई तोकिए अनुसारको कारबाही हुनेछ ।

(३) संस्थागत विद्यालयले नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको मात्र शुल्क लिई शिक्षा उपलब्ध गराउनु पर्नेछ ।

**६१. छात्रवृतिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**६२. अनिवार्य रुपमा बालबालिकालाई विद्यालय पठाउनु पर्ने** : (१) गाउँपालिका क्षेत्रभित्रका ४ वर्ष उमेर पुगेका बालबालिकालाई प्रारम्भिक वाल शिक्षा केन्द्र तथा विद्यालयमा अभिभावकले अनिवार्य पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था विपरीत बालबालिकालाई विद्यालय नपठाउने अभिभावक पहिचान गरी गाउँपालिकाले प्रवाह गर्ने सुविधा आंशिक वा पूरै समेत रोक्का गर्न सक्नेछ ।

(३) वालवालिकाको अभिभावक नभएमा वा अशक्त र असक्षम भए ठहरेमा वा देखिएमा त्यस्ता वालवालिकाको हकमा गाउँपालिका स्वयंले अभिभावकत्व बहन गर्न सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) बाहेक अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

**६३. शुल्क सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएका सुविधाहरुलाई आधार लिइने छ ।

**६४. विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा कुनै लिखत पारित गर्दा लाग्ने दस्तुर छुट गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १६
## विविध

**६५. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउन सकिनेः** गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ ।

(२) उपदफा (१) बमोजिमको विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

**६६. गाउँपालिका तथा शिक्षा समितिले निर्देशन दिन सक्नेः** (१) गाउँपालिका र सो अन्तर्गत रहेको शिक्षा समितिले तोकिएको क्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**६७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**६८. प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकाको शिक्षा समितिमा वा कार्यालयमा बुझाउनु पर्नेछ ।

**६९. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउनेः** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउने छैन ।

**७०. स्थानीय शिक्षा विकास कोष :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षाप्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन गाउँपालिकाको अध्यक्ष, सामाजिक विकास संयोजक र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

## परिच्छेद-१७
## विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था

**७१. विद्यालयको चिन्ह र नाममकरण :** विद्यालयको चिन्ह षटकोण हुनेछ । प्रत्येक विद्यालयको व्यवस्थापन समितिले निर्णय गरी षटकोणको बिचमा आफ्नो-आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न र विद्यालयको नाम परिवर्तन गर्न समेत सक्नेछन । तर सो कार्यको लागि संघीय कानुन र प्रादेशिक कानुनले निर्धारण गरेको प्रक्रिया बमोजिम हुनेछ ।

**७२. दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर-जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(छ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम कारर्वाही गरिनेछ ।

**७३. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ ।

**७४. नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक कार्यविधि तथा निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**७५. संक्रमणकालीन व्यवस्था :** (१) यस ऐनमा तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति कार्यपालिकाले दिन सक्नेछ ।

**७६. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । त्यसरी कार्यपालिकाले गरेको त्यस्तो आदेश गाउँसभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ । तर यो ऐन जारी भए पश्चात यस ऐनमा आवश्यक संशोधन गर्नुपर्ने भएमा गाउँसभाद्वारा संशोधन गर्न सकिनेछ ।

**७७. बचाउः** (१)यस ऐनमा लेखिए बाहेकका कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) गाउँपालिकाबाट यस अघि शिक्षा सम्बन्धी भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) तर यो ऐन प्रादेशिक ऐनसँग बाझिएमा सो वाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

(४) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिनाहा गरेको कसुरमा प्रचलित भ्रष्टाचार निवारण सम्बन्धी ऐन अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।